जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - १६० ❑ २०८३ असार ३ गते बुधबार ❑ Tuesday, 17 June, 2026 ❑ मूल्य ७ /-





✍ सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com


**सरकारको बजेट र संविधान संशोधनका चासोहरू** (३)


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९







## राहदानी विभागका महानिर्देशक अख्तियारको नियन्त्रणमा

दमक । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याललाई नियन्त्रणमा लिएर अनुसन्धान सुरू गरेको छ । पासपोर्ट आपूर्तिसम्बन्धी विषयमा सोधपुछका लागि अर्याललाई मंगलबार नियन्त्रणमा लिइएको स्रोतले जनाएको छ। अख्तियारले सोमबार विभागबाट सम्बन्धित कागजातसमेत नियन्त्रणमा लिएको थियो । यसै प्रकरणमा प्रिन्टिङ कम्पनी भेरिडियसका सञ्चालक सिद्धार्थ थापा र सूचना प्रविधि निर्देशक सुनिलकुमार केसीलाई पनि नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाइएको छ।

## पूर्वगृहमन्त्री थापाको निधन

दमक/ पूर्वगृहमन्त्री धर्मबहादुर थापाको निधन भएको छ । उनको शुक्रबार ललितपुरमा निधन भएको दिवंगत थापाको पारिवारिक स्रोतले जनाएको छ । उनको अन्त्येष्टि आइतबार पशुपति आर्यघाटमा गरिएको जनाइएको छ ।

उनले लोकेन्द्रबहादुर चन्द नेतृत्वको मन्त्रिपरिषद्मा गृहमन्त्रीको जिम्मेवारी सम्हालेका थिए । प्रशासनिक सेवामा रहँदा उनले विभिन्न अञ्चलमा अञ्चलाधीशका रूपमा सेवा गरेका थिए । त्यसपछि उनी गृहसचिव पनि भएका थिए । दिवंगत थापाका दुई छोरा छन् ।

## पैदल यात्रीको नाममा परमादेश जारी

दमक/ प्रधानन्यायाधीश डा. मनोज कुमार शर्माले बालेन शाहकै शैलीमा कडा एक्सन लिँदै पैदल यात्रुको अधिकार सुनिश्चित गर्न सर्वोच्च अदालतबाट सरकारका नाममा ठूलो परमादेश जारी गरेका छन् । उक्त परमादेशमा सडक पेटीमा बनेका प्रहरी पोस्टसहित सम्पूर्ण अवैध संरचना तत्काल हटाएर पैदल यात्रुको बाटो पूर्ण रूपमा खुला गर्न सरकारलाई आदेश दिइएको छ ।

## दुर्घटनामा एक जनाको मृत्यु, एक घाइते

धनकुटा/ धनकुटामा मोटरसाइकल एकआपसमा ठोकिदा एक जनाको मृत्यु भएको छ । एक जना घाइते भएका छन् । मंगलबार बिहान करिब ७:१५ बजे धनकुटा-हिले सडकखण्ड अन्तर्गत धनकुटा नगरपालिका -४, स्थित च्यानेमा दुर्घटना भएको हो । दुर्घटनामा परेर सुनसरीको रामाधुनि नगरपालिका -९, स्थित झुम्का घर भइ हाल धनकुटा नगरपालिका -७, स्थित सब्जीलाई बस्दै आउनुभएका ५५ बर्षिय विशाल चौधरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रहरी प्रवक्ता हेमन्त भण्डारी क्षेत्रीले जानकारी दिए । यस्तै, घाइते हुनेमा धनकुटा नगरपालिका -१, स्थित हिलेका स्याम तामाङ रहेका छन् ।

### रास्वपामा दुई कार्यकाल मात्र नेतृत्व, परिवारवाद निषेध

# पार्टीको विधानमा व्यापक संशोधनको तयारी

◆ तलदेखि माथिसम्म कम्तीमा ३३% महिला र ३३% युवा प्रतिनिधित्व अनिवार्य ◆ स्वार्थको द्वन्द्व भएका व्यापारी वा औद्योगिक समूहबाट चन्दा लिन रोक ◆ असक्षम वा विवादित पदाधिकारी तथा सांसदलाई फिर्ता बोलाउन सकिने 'राइट टु रिकल' व्यवस्था

✍ खगेन्द्र कार्की



दमक/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो स्थापनाको चार वर्षपछि पहिलो ऐतिहासिक महाधिवेशनको तयारी गरिरहँदा नेपालको राजनीतिक अभ्यासमै नयाँ बहस जन्माउने गरी मूल विधानमा व्यापक संशोधन प्रस्ताव गरेको छ ।

आगामी असार ७ देखि ९ गतेसम्म चितवनको टाँडीमा हुने प्रथम महाधिवेशनमा करिब ३ हजार प्रतिनिधिबाट अनुमोदन गराउने लक्ष्यसहित तयार पारिएको नयाँ विधानमा नेतृत्वको कार्यकाल सीमित गर्ने, परिवारवाद रोक्ने, प्राइमरी चुनावमार्फत उम्मेदवार चयन गर्ने तथा असक्षम नेतृत्वलाई बीचमै फिर्ता बोलाउन सकिने जस्ता व्यवस्था समेटिएका छन् ।

सहमहामन्त्री विपिन आचार्यको संयोजकत्वमा गठित विधान मस्यौदा समितिले तयार पारेको प्रस्ताव पारित भएमा रास्वपाभित्र मात्र होइन, नेपालका परम्परागत राजनीतिक दलहरूमा समेत नेतृत्व चयन र पार्टी सञ्चालनको शैलीबारे नयाँ बहस सुरू हुने अपेक्षा गरिएको छ । विशेषगरी लामो समयसम्म एउटै व्यक्तिको नेतृत्वमा पार्टी चल्ने परिपाटीलाई चुनौती दिने गरी प्रस्तावित दुई कार्यकालको सीमा सबैभन्दा चर्चित विषय बनेको छ ।

प्रस्तावअनुसार पार्टी सभापति वा कुनै पनि नेता लगातार दुई कार्यकालभन्दा बढी सर्वोच्च नेतृत्वमा रहन पाउने छैनन् । प्रत्येक कार्यकाल पाँच वर्षको हुने भएकाले कुनै पनि व्यक्तिले अधिकतम १० वर्ष मात्र पार्टीको नेतृत्व गर्न पाउनेछ । यो व्यवस्था लागू भएमा वर्तमान सभापति रवि लामिछानेसमेत त्यसबाट अछुतो रहने छैनन् । रास्वपाले यसलाई नेतृत्व हस्तान्तरणलाई संस्थागत गर्ने र शक्ति केन्द्रीकरण रोक्ने उपायका रूपमा प्रस्तुत गरेको छ ।

नयाँ विधानले पार्टीलाई थप समावेशी बनाउने लक्ष्यसमेत राखेको छ । केन्द्र, प्रदेश, जिल्ला र पालिकासहित सबै तहका समितिहरूमा कम्तीमा ३३ प्रतिशत महिला र ३३ प्रतिशत युवाको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गर्ने प्रस्ताव गरिएको छ । यसले निर्णय प्रक्रियामा महिला र बाँकी ४ पेजमा ▸▸

### सातै प्रदेशको बजेट सार्वजनिकः

## बागमतीमा धेरै र गण्डकीमा कम बजेट

दमक/ संवैधानिक प्रावधानअनुसार असार १ गते देशका सातै प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि वार्षिक बजेट सार्वजनिक गरेका छन् । कुल २ खर्ब ९१ अर्ब ९८ करोड रूपैयाँ बराबरको बजेटमा सबै प्रदेशले पूर्वाधार विकास, कृषि आधुनिकीकरण, स्वास्थ्य सुधार र रोजगारी सिर्जनालाई मुख्य प्राथमिकतामा राखेका छन् । बजेट आकारका हिसाबले बागमती प्रदेश सबैभन्दा ठूलो र गण्डकी प्रदेश सबैभन्दा सानो देखिएको छ ।

बागमती प्रदेशले ६६ अर्ब ९३ करोड रूपैयाँको बजेट प्रस्तुत गरेको छ, जुन सातै प्रदेशमध्ये सबैभन्दा उच्च हो । बजेटमा गरिब परिवारका लागि आवास कार्यक्रम, युवा उद्यमीलाई ब्याज अनुदान, काठमाडौं उपत्यकामा मेट्रो रेलको सम्भाव्यता अध्ययन र प्रादेशिक अस्पतालहरूमा एमआरआई तथा सिटी स्क्यान सेवा विस्तारलाई प्रमुख योजनाका रूपमा समेटिएको छ ।

मधेश प्रदेशले ४१ अर्ब १३ करोड रूपैयाँको बजेट ल्याएको छ । यसमा पुँजीगततर्फ ६४.३६ प्रतिशत बजेट विनियोजन गरिएको छ । कृषि क्षेत्रमा परम्परागत अनुदान बाँकी ४ पेजमा ▸▸

## रवि विरूद्धका दुई मुद्दा खारेज

दमक/ रूपन्देही जिल्ला अदालतले पनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेविरूद्ध दायर सम्पत्ति शुद्धीकरण तथा संगठित अपराधसम्बन्धी मुद्दा संशोधन गर्दै ती अभियोग हटाएको छ । न्यायाधीश रमेशकान्त अधिकारीको इजलासले सरकारी पक्षको अभियोग संशोधनसम्बन्धी निवेदन स्वीकार गर्दै लामिछानेसहितका आरोपीमाथि लगाइएका सम्पत्ति शुद्धीकरण र संगठित अपराधका आरोप फिर्ता गर्ने आदेश दिएको हो । यससँगै कास्की र पर्सापछि रूपन्देही जिल्ला अदालतले पनि उक्त अभियोग फिर्ता लिन अनुमति दिएको छ ।

यद्यपि सहकारी ठगीसम्बन्धी मूल बाँकी ४ पेजमा ▸▸

## ५ हजारबढी औषधि पसलको दर्ता खारेज

दमक/ औषधि व्यवस्था विभागले ५ हजार ३ सय २ वटा औषधि पसल तथा फार्मेसीको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको जनाएको छ ।

विभागका अनुसार कानुनी रूपमा तोकिएको समयभित्र नवीकरण प्रक्रिया पूरा नगरेका कारण ती पसलहरूको दर्ता प्रमाणपत्र स्वतः खारेज भएको हो । अब म्याद सकिएका ती पसलहरूले औषधि व्यवसाय सञ्चालन गर्न कानुनी अनुमति पाउने छैनन् ।

यो व्यवस्था औषधि ऐन, २०३५ को दफा ११ तथा त्यसको संशोधित प्रावधानअनुसार लागू गरिएको हो । विभागले नवीकरण म्याद समाप्त भएका पसलहरूको सूचीसमेत सार्वजनिक गरेको छ ।

यस सम्बन्धमा औषधि व्यवस्था विभाग (नेपाल) ले सबै औषधि पसल सञ्चालकलाई आ ँ नो दर्ता स्थिति तत्काल जाँच गर्न र आवश्यक कानुनी प्रक्रिया पूरा गर्न आग्रह गरेको छ ।

विभागले औषधि बिक्री-वितरण गर्दा प्रचलित कानुन र विभागीय निर्देशनको कडाइका बाँकी ४ पेजमा ▸▸

## मनसुन भित्रिन अझै केहीदिन लाग्ने

दमक/ नेपालमा केही दिन मनसुन सुरू हुन ढिला हुने भएको छ । गत वर्षभन्दा यस वर्ष तीन दिन ढिला हुँदा पनि मनसुन भित्रिन सकेको छैन ।

जल तथा मौसम विज्ञान विभागकी प्रवक्ता विभूति पोखरेलले नेपालमा मनसुन सरदर जुन १३ मा प्रवेश गर्ने भएपनि अझै केही दिन ढिला हुने जानकारी दिइन् ।

मौसमविद् पोखरेलले भू-उपग्रहबाट प्राप्त तथ्यांक तथा गणितीय मौसम पूर्वानुमानको विश्लेषणका आधारमा नेपालमा मनसुन सुरू हुन केही दिन ढिला हुने सम्भावना रहेको जानकारी दिइन् । नेपालमा हाल कोशी, बागमती र गण्डकी बाँकी ४ पेजमा ▸▸

## लागूऔषधसहित २२ जना पक्राउ

दमक/ कोशी प्रदेश प्रहरीले सञ्चालन गरेको लागूऔषध विरूद्धको महाअभियान अन्तर्गत विभिन्न जिल्लाबाट २२ जनालाई पक्राउ गरेको छ । पक्राउ परेकाहरूको साथबाट १८ ग्राम १५० मिलिग्राम ब्राउन सुगर, ५०२ चक्की प्रतिबन्धित औषधी, एक मोटरसाइकल, एक स्कुटर र एक सिटी सफारी बरामद गरिएको छ ।

कोशी प्रदेश प्रहरी कार्यालयका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी उपरीक्षक योगेन्द्रसिंह थापाका अनुसार झापामा वडा प्रहरी कार्यालय भद्रपुरले बिर्तामोड -६ का देबेन्द्र विकलाई १ ग्राम ४२० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको छ । दमक -३ का विकास भुजेल र भद्रपुर-७ की सरिता राजवंशीलाई ६ ग्राम ९० मिलिग्राम ब्राउन सुगरसहित नियन्त्रणमा लिइएको छ ।

यस्तै, प्रहरी चौकी बिर्ताबजारले बिर्तामोड -३ का गणेशप्रसाद ओलीलाई ३०० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको छ । बिर्तामोड -४ का चाल्स लिम्बू र उमेश लिम्बूलाई ३ ग्राम ९०० मिलिग्राम गाँजासहित नियन्त्रणमा लिएको छ । प्रहरी चौकी धरमपुरले शिवसताक्षी नगरपालिका -२ का वीरगञ्ज आङदम्बेलाई स्पारेक्स्ट १०० ट्याब्लेट र ट्रामाडोल १०० ट्याब्लेटसहित पक्राउ गरेको जनाएको छ । बाँकी ४ पेजमा ▸▸

## दमकका तरकारी र फलफूल खान योग्य

दमक/ झापाको दमक नगरपालिका क्षेत्रमा भित्रिएका फलफूल तथा तरकारीहरु मानव उपभोगका लागि सुरक्षित पाइएका छन् । बिर्तामोडस्थित 'विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाइ' ले गरेको ताजा परीक्षणमा, संकलन गरिएका सबै नमुनाहरु खान योग्य भएका बताइएको छ ।

दमक नगरपालिकाले मंगलबार दमकमा भित्रिएका तरकारी तथा फलफूलको संकलन गरि प्रयोगशालामा पठाएको थियो । प्रयोगशालाले आँप र गोलभेडाको नमुना परीक्षण गरेको थियो । लहान र सिराहाबाट ल्याइएका आँप तथा धनकुटा र काठमाडौंबाट ल्याइएका गोलभेडामा विषादीको मात्रा सुरक्षित मापदण्डभित्रै भेटिएको हो ।

तरकारी र फलफूलमा कार्बोमेट र अर्गानोफस्फेट समूहका कीटनाशक विषादीको रोकावट प्रतिशत ३५ भन्दा कम भएमा त्यसलाई उपभोग योग्य मानिन्छ । दमकमा परीक्षण गरिएका सबै ७ वटा नमुनामा विषादीको मात्रा ३५ प्रतिशतभन्दा निकै कम पाइएको छ । यदि यो मात्रा ४५ प्रतिशतभन्दा बढी भएको भए, ती सामग्रीहरु नष्ट गर्नुपर्ने कानुनी प्रावधान छ ।

## सात प्रहरीसहित १५ जनालाई जन्मकैदको फैसला

संखुवासभा / संखुवासभाको जिल्ला कारागार खाँदबारीमा दुई जना कैदी हत्या प्रकरणका १५ जनालाई जन्मकैदको फैसला भएको छ ।

जिल्ला कारागारमा २०८० साउन २४ गते जिल्लाको मादी नगरपालिका-५ का २० वर्षीय विनोद तोलाङ्गी र नुवाकोटको ककनी गाउँपालिका-७ का २८ वर्षीय आकाश बलामीको सुरक्षाकर्मी र केही कैदीबन्दीको कुटपिटबाट मृत्यु भएको थियो । कारागारको शौचालयको झ्यालको रड काटेर भाग्न खोजेको भन्दै नियन्त्रणमा लिएर सुरूमा प्रहरीले र त्यसपछि अन्य कैदीबन्दीले सामूहिक कुटपिट गर्दा दुई कैदीको मृत्यु भएको अनुसन्धानबाट खुलेको थियो ।

दुई कैदी हत्या प्रकरणका सात प्रहरीसहित १५ जनालाई जन्मकैदको फैसला भएको जिल्ला अदालतका श्रेस्तेदार उज्वल न्यौपानेले जानकारी दिए । न्यायाधीश राजकुमार कोइरालाको इजलासले मलुकी अपराध संहिता २०७४ को दफा १७१ (१) बमोजिम कसुरमा जन्मकैद फैसला सुनाएको हो ।

त्यसैगरी सोही संहिताको १८६ बमोजिम प्रतिवादीबाट जनही ५० हजार मृतक तोलाङ्गी र बलामीका नजिकका हकदारलाई क्षतिपूर्ति भराउने ठहर गरेको अदालतका श्रेस्तेदार न्यौपानेले बताए । कारागारको शौचालयको झ्यालको रड काटेर भाग्न खोजेको भन्दै नियन्त्रणमा लिएर सुरुमा प्रहरीले र त्यसपछि अन्य कैदीबन्दीले सामूहिक कुटपिट गर्दा उनीहरूको मृत्यु भएको अनुसन्धानबाट खुलेको थियो ।

कैदीको कुटपिटपछि हत्या घटनाका आरोपित सात जना प्रहरीलाई धनकुटा र आठ जना कैदीलाई तेह्रथुम कारागार चलान गरेको थियो । कैदी हत्या घटनामा प्रहरी सहायक निरीक्षक लक्ष्मी चौधरी, प्रहरी जवान सुमन बाँकी ४ पेजमा ▸▸


**लाईफ लाईन अस्पताल प्रा.लि.**
दमक-५, झापाको

**ओपीडी सेवाहरू :**

दैनिक बिहान ८ बजेदेखि बेलुकी ७ बजेम्म

| | |
|---|---|
| १. डा. मनोज कुमार शाह | : बरिष्ठ हाडजोर्नी तथा नशा रोग बिशेषज्ञ |
| २. डा. सिता राई | : बरिष्ठ प्रसुति तथा महिला रोग विशेषज्ञ |
| ३. डा. निरज शाह | : बरिष्ठ फिजिसियन |
| ४. डा. साजन ठाकुर | : बरिष्ठ बालरोग बिशेषज्ञ |
| ५. डा. मन्जुल शाक्य | : बरिष्ठ ल्याप्रोस्कोपीक सर्जन |
| ६. डा. एकता घिताल | : बरिष्ठ प्याथोलोजिस्ट |
| ७. डा. सोफिया थुलुङ्ग | : बरिष्ठ अर्थोडन्टिस (दन्तरोग विशेषज्ञ) |
| ८. डा. तिलकचन्द्र शाह | : बरिष्ठ रेडियोलोजिस्ट |
| ९. डा. चन्द्रमोहन शाह | : ल्याप्रोस्कोपीक सर्जन |
| १०. डा. बिबेक लामिछाने | : फिजिसियन |
| ११. डा. शिर्षकदिप श्रेष्ठ | : मनोरोग बिशेषज्ञ |
| १२. डा. मिलन भुषाल | : नाक, कान घाटी रोग बिशेषज्ञ |

सम्पर्क : ९८०१४१४२८६, ९८०१४१४२८३

# सम्पादकीय

## प्राकृतिक स्रोतको संरक्षण आवश्यक

नेपाल सरकारले हरेक वर्षझैँ यस वर्ष पनि असार १ गतेदेखि भदौ मसान्तसम्मका लागि देशभरका वन क्षेत्रमा रूख कटान, मुछान, काठ संकलन तथा नदी र खोलाहरुबाट ढुंगा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थ उत्खननमा रोक लगाएको छ । मनसुनको सुरूवातसँगै प्राकृतिक वातावरणमा आउने संवेदनशीलतालाई मध्यनजर गर्दै चालिएको यो कदम पर्यावरण संरक्षण र प्राकृतिक विपद् व्यवस्थापनका दृष्टिले निकै दूरगामी र स्वागतयोग्य छ ।

वर्षायाम प्रकृति पुनर्ताजगी हुने समय हो । यस अवधिमा वन तथा जैविक विविधताको संरक्षण गर्नु, वनस्पतिहरुको प्राकृतिक पुनरूत्पादनलाई प्रोत्साहन गर्नु र पर्यावरणलाई थप खलबलिन नदिनु राज्य र नागरिक दुवैको साझा दायित्व हो ।

अझ महत्त्वपूर्ण कुरा, मनसुनमा हुने अत्यधिक वर्षाका कारण पहाडमा पहिरो र मधेश–तराईमा भूक्षय तथा बाढीको जोखिम उच्च हुन्छ । यस्तो संवेदनशील समयमा वन क्षेत्रभित्र र नदी किनारमा गरिने मानवीय हस्तक्षेप तथा जथाभाबी उत्खननले प्राकृतिक सन्तुलन बिगारी ठुलो जनधनको क्षति निम्त्याउन सक्छ । तसर्थ, जोखिम न्यूनीकरण र प्राकृतिक स्रोतको दिगो व्यवस्थापनका लागि यो मौसमी प्रतिबन्ध अपरिहार्य कानुनी व्यवस्था हो ।

यद्यपि, नेपालमा नीति र नियम कागजमा उत्कृष्ट हुने तर कार्यान्वयनको पक्ष फितलो रहने पुरानै चुनौती छ । स्वीकृत कार्ययोजना भएका वनमा समेत यो अवधिमा कटानी रोकिने भनिए पनि चोरबाटोबाट हुने काठ तस्करी र नदीहरुको अवैध दोहन पूर्ण रुपमा रोकिन सकेको छैन । वर्षाको भेलसँगै बगेर आउने ढुंगा–बालुवा लुकिछिपी निकाल्ने र प्राकृतिक स्रोतको दोहन गर्ने गिरोह यस अवधिमा थप सक्रिय हुने गरेको विगतका दृष्टान्तहरु छन् । यसकारण, केवल प्रतिबन्धको घोषणा गरेर मात्र सरकारको दायित्व पूरा हुँदैन, बरू घोषणा गरिएका नियमको कडा अनुगमन हुनु आवश्यक छ ।

यस अवधिलाई सफल बनाउन वन कार्यालयहरुले आफ्नो अनुगमन र गस्ती प्रणालीलाई थप सघन र प्रविधिमैत्री बनाउनु पर्छ । स्थानीय स्तरमा रहेका सामुदायिक वन उपभोक्ता समूह, उपभोक्ता समिति र स्थानीय तहहरुलाई यस अभियानमा प्रत्यक्ष पहरेदारका रुपमा परिचालन गर्दा मात्र अवैध गतिविधिमाथि पूर्ण अंकुश लगाउन सकिन्छ । यसका साथै, नियम उल्लंघन गरी अवैध उत्खनन, कटानी वा ओसारपसार गर्नेहरुलाई कुनै पनि राजनीतिक वा प्रशासनिक संरक्षण नदिई कानुनबमोजिम जफत, जरिवाना र हदैसम्मको कानुनी कारबाहीको दायरामा ल्याउनै पर्छ ।

प्राकृतिक स्रोतको विवेकपूर्ण उपयोग गर्दै दिगो विकासतर्फ अघि बढ्नु आजको मुख्य आवश्यकता हो । सरकारको यो कानुनसम्मत निर्णयलाई पूर्ण रुपमा पालना गराउन स्थानीय प्रशासन, सुरक्षा निकाय र आम नागरिकले समेत जिम्मेवार भूमिका निर्वाह गर्नु पर्दछ । प्रकृति जोगिए मात्र मानव अस्तित्व सुरक्षित रहन्छ । यो प्रतिबन्धलाई पूर्ण रुपमा सफल पार्न सबै पक्ष प्रतिबद्ध हुन जरूरी छ ।

# सरकारको बजेट र संविधान संशोधनका चासोहरु



सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

नेपाल का नवनिर्वाचित प्रधानमंत्री बालेंद्र शाहले आफ्नो पहिलो कार्य कालमा १०० दिनभित्र सरकारले सम्पन्न गर्नुपर्ने महत्वपूर्ण कार्यहरूको ठूलो सूची तयार गरी आआफ्ना विभागीय मन्त्री हरूलाई कार्यसम्पादनको लागि लागि जिम्मा लगाउनुभएको रहेछ र त्यसको अन्तिम नतिजा नआइकन नै सरकारका उपलब्धिहरु माथि अनेकौं कोणहरूबाट आफ्नै दलका सांसद र कार्यकर्ताहरूले शंका र उपशंकाहरु प्रकट गर्न थालिसकेका छन् ।

देशभित्रका सार्वजनिक जीवनहरूमा देशका जनताले अपेक्षा गरेका सुशासन, समावेशीकरण, विधिको शासन, राष्ट्रिय जीवनमा पारदर्शिता लगायतका पक्षहरूलाई अझ स्पष्ट र दर्बिलो रूपमा देश र जनताको अगाडि ल्याउन र हेर्न जनता अझ आशलाग्दो अवस्थामा आइरहेको देखिएका छैनन् ।

पुरानै शैलीको यथास्थितिवादी सरकारी गतिविधिहरूलाई निरन्तरता दिइँदै जाने हो भने नयाँ सरकारका सपनाहरु अधुरो रहन सक्ने सम्भावना पनि देखिन थालेको छ । बजेट घाटालाई न्यूनीकरण गर्न सरकारसँग सामर्थ्यको अभाव छ । देशको जनतामाथि सरकारले निरन्तर रूपमा ऋणभार बढाइरहने अवस्थाहरु सिर्जना हुँदै गइरहेको छ ।

प्रति व्यक्ति आम्दानीमा यथेष्ट सुधार हुन नपाउँदा जनताको उपभोग प्रवृत्ति बढाउन सकिँदैन । अर्थतन्त्रमा जीवन निर्वाह क्षेत्रमा र अनुत्पादक क्षेत्रहरूमा मात्र बचत रकम प्रवाहित भइरहँदा उत्पादनमूलक उद्देश्यका लागि देशको लगानी गर्ने क्षमतालाई बढाउन सकिँदैन । भूइँ तहमा रहेका बहुसत्त्यक जनताको आयस्तर र रोजगारीमा वृद्धि नहुँदा बचत प्रवृत्तिलाई बढाउन सकिँदैन ।

अर्थशास्त्री किन्सले भनेजस्तो उपभोग प्रवृत्ति ,बचत प्रवृत्ति र लगानी प्रवृत्तिलाई नबढाई देश अगाडि बढ्न सक्दैन । पुरानै ढाँचाबाट बनाइएको बजेटको संरचनाले देशभित्रबाट गरिबीको कुचक्रलाई हटाउन नसक्ने भन्ने कुरा अर्थविदहरूले र सामाजिक कार्यकर्ताहरूले औल्याइसकेका छन् । देशको माटोसँग देशको संस्कृति, समाज र अर्थतन्त्रलाई जोड्न बजेटले देशको आम जनतालाई कुनै विशिष्ट किसिमको सुविधा र सहुलियत दिन सकेको छैन । देशभित्रका माटोको गुणस्तर र उर्वराशक्ति लगातार घट्दै गइरहेको छ ।

भूमिगत जललाई भावी पुस्ताको लागि सुरक्षित राख्ने उपायहरूबारे सरकार स्वयं नै अनभिज्ञ रहेका छन् । वर्षायाम सकिने लगत्तै प्रायजसो हरेक वर्ष वैशाख जेठ असार महिनातिर माटोमुनि रहेका पानीका स्रोतहरु सुक्न थाल्छ र जसको परिणामस्वरूप इनार पोखरी , चापाकल बोरिङ लगायतका पानी उपलब्ध गराउने स्रोतहरु सुकेर काम नलाग्ने बन्न थाल्छन् ।खाने पानीको अभावमा जनता त्राहि माम हुन्छन्, । गाउँबस्तीमा आगोलागि हुँदा आगो निभाउने दमकलसम्म पनि उपलब्ध हुँदैनन् ।

मान्छे सिकिस्त बिरामी पर्दा एम्बुलेन्स सेवा पनि पाउन सकिँदैन । किसानहरूलाई प्रोत्साहन दिन सरकारले आवश्यक मात्रामा बिउ ,मल , माटोको गुणस्तर जाँच गर्ने प्रविधि र प्राविधि विज्ञहरु उपलब्ध गराउन सक्दैनन्, जसको प्रत्यक्ष असर उत्पादनमाथि पर्न जान्छ, कृषि क्षेत्रको उत्पादकता लगातार घट्दै जानुमा जलवायु परिवर्तन, वातावरणीय संकट, अनिकाल, बाढी, पहिरोजस्ता समस्याहरूलाई जति दोष दिन सकिन्छ त्योभन्दा बढी दोष सरकारलाई नै दिने गरिन्छ ।

सरकारले कनिका छरे झैँ कृषि क्षेत्रको विकासको लागि बजेट विनियोजन गर्दा देशले २०४२ सालपछि अहिलेसम्म निरन्तर रूपमा खाद्यान्न संकटको अवस्था बेहोरि रहेको छर्लङ्ग छ । नेपालको तराई मधेश क्षेत्र लाई नेपालको अन्नभण्डार भनिए पनि तराई क्षेत्रका गरिब तथा पहिचानविहीन नागरिकहरु लाई खाद्यान्न संकटले निरन्तर सताइरहेको अवस्था विद्यमान छ ।

नेपालको तराई मधेश क्षेत्र विश्वकै सबैभन्दा गरिब र उपेक्षित क्षेत्रको रूपमा रहेको थुप्रै सरकारी तथ्यांकहरू लाई प्रमाणको रूपमा लिन सकिन्छ । नेपाली जनताको मन, श्रम र धनलाई समाजवाद उन्मुख अर्थतन्त्रमा रूपान्तरण गराउनु जरूरी छ । सरकारको बजेटको एउटा पाटो जो सधैँ देखि उपेक्षित र तिरस्कृत रहँदै आएको छ । त्यसको लागि सरकारले पटक्कै ध्यान नदिनु चिन्ताजनक छ ।

देशको शिक्षातन्त्र र प्रशासनतन्त्र नातावाद कृपावाद जातिवाद क्षेत्रीयतावाद को भुमरीमा लगातार फस्दै गइरहेको छ । गुणात्मक शिक्षाको विकास लाई अगाडि बढाउने नाममा परीक्षा केन्द्रहरूमा अनेकौं किसिमको मिलिमतो जालझेल र षड्यन्त्रकारी गतिविधिहरू देशमा लगातार रूपले चलिरहँदा सम्म एउटा असल इमान्दार र देशभक्त तथा गुणस्तरयुक्त व्यक्ति उत्पादन गर्न कठिन मात्र होइन असम्भव नै छ । विद्यालय र महाविद्यालयहरुमा परीक्षा केन्द्रहरु राजनीतिकर्मीहरूको निशानामा परेका हुन्छन् विद्यार्थीहरूले गुणस्तरयुक्त शिक्षाको लागि आवाज उठाए पनि उनीहरूको आवाज लाई वेवास्ता गर्दै स्थानीय प्रभुत्वशाली व्यक्तिहरूले आफ्नो शैक्षिक प्रतिष्ठानहरूको परीक्षा परिणाम बढाउन मात्र परीक्षा केन्द्रहरूलाई उपयोग अथवा दुरूपयोग गरिरहेका हुन्छन् । परीक्षार्थीहरूको चिट खोसेर मात्र गुणस्तरयुक्त शिक्षा दिन सकिँदैन ।

परीक्षामा चिट लेख्ने प्रयोजनले उपयोग गरिएको मोबाइलहरु लाई आगोमा हालेर वा पानीमा डुबाएर मात्र पनि परीक्षा लाई स्वच्छ र निष्पक्ष बनाउन सकिँदैन । जबसम्म देशैभरि निष्पक्षतापूर्वक इमानदारीका साथ शिक्षकहरूलाई कर्तव्य पथमा अगाडि बढिरहन उत्प्रेरणा प्राप्त हुँदैन, तबसम्म देशले असल नागरिकहरूको संख्या बढाउनबाट वञ्चित रहनुपर्ने अवस्था सिर्जना भइरहन्छ, त्यसकारणले तात्कालिक लाभले मात्र देशका विद्यार्थीहरूको भविष्यलाई प्रतिस्पर्धी र गुणस्तर युक्त बनाउन सकिँदैन । त्यस सम्बन्धमा सरकारले विद्यार्थीहरूको चरित्र निर्माणका लागि गहन विमर्श गर्नु जरूरी छ । आज वर्गीकृत शिक्षा प्रणाली देशको लागि ननिल्न सकिने नओकल्न सक्ने स्थितिमा पुगिसकेको छ ।

सरकारले बनाएका बजेटहरु सुविधाभोगी जनताको लागि मात्र आश्वस्त गराउने खालको रहेको देखिन्छ । सरकारले देशलाई विकासको नयाँ युगमा प्रवेश गराउन अनेकौं किसिमका कार्यहरु बजेटबाट पूरा गर्ने अपेक्षा गरेका छन् ।

नेपाललाई आइटी हब कन्ट्री बनाउने, देशभित्रका सरकारी कार्यालयहरूलाई पेपरलेस संस्थाको रूपमा विकसित गराउने, विद्यालय हरु तथा विश्वविद्यालयहरूमा, ई डिजिटल लाइब्रेरीहरूको विकास गर्ने, सरकारी कार्यालय र संस्थाका कर्मचारीहरूको लागि तलब वृद्धि लगायतको घोषणा पक्कै पनि उत्साहवर्धक रहेको छ । तर जसको आम्दानी थोरै छ, जो पहिचानविहीन अवस्थामा छन्, भाषिक जातीय र क्षेत्रीय रूपमा निरन्तर रूपमा प्रताडित हुने र विभेदमा पर्ने गरेका छन् तिनीहरूको लागि सरकार नउभिनु लाई सही ठहर्याउन सकिँदैन ।

देशभित्रको भूराजनीतिको दशा दिशा र धरातलीय यथार्थलाई सरकारले स्वीकार गर्नु र महत्व दिनु जरूरी छ । देशभित्र हरेक वर्ष बाढी आउँछ, पहिरो जान्छ, हावाहुरी चल्छ, चट्याङ पर्छ, ठुलाठुला दुर्घटनाहरु हुन्छन् नागरिकहरु अनाहकमाज्यान गुमाउन पुग्दछन् त्यसको क्षतिपूर्ति र व्यवस्थापनको लागि सरकारले ठोस कदम चाल्नु जरूरी छ ।

चोरी चकारी र भ्रष्टाचार गरेर धनी बनेका नेता मन्त्री तथा कर्मचारीहरु लाई इमान्दार बनाउन न्यायको कठघरामा उभ्याउनु जरूरी छ । दलाली र जालझेल गरेर अकुत सम्पत्ति कमाउनेहरु माथि सरकारले कडा नजर राख्नु जरूरी छ । भ्रष्टाचार मुक्त राज्य व्यवस्था भयो भने मात्र देशले फड्को मार्न सक्छ । अहिले नेपालमा संविधान संशोधन गराउने लगायतका कुराहरूमा पनि व्यापक बहसहरु र गृहकार्यहरु प्रारम्भ भइसकेको छ ।

सरकारले विभिन्न समितिहरु निर्माण गरी जन अभिमतहरु पनि संकलन गर्ने अभियानहरु चलाइरहेका छन् । संविधानभित्र लेखिएका कुराहरूमा काम नलाग्ने र देशको अग्रगमनमा बाधा पुर्‍याउने संविधानका बुँदाहरु के के हुन् तथा कुन कुन कुराहरु संविधानभित्र थप्दा संविधानलाई अझ पत्यारिलो र देशले थेग्ने गरी अविनाशी संविधान बनाउन सकिन्छ भन्ने कुरामा पनि सरकारले सोच पुर्‍याउनु जरूरी छ ।

संविधानसभाको लागि जनताले दिएका सुझावहरूको पुराना पोकोहरू खुलाई त्यसको विस्तृत अध्ययन गर्नु पनि जरूरी छ । देशभित्रको कुनै एउटा राजनीतिक दलले मात्र संविधानको संरक्षण समवर्धन र विकास गर्न सक्दैन । संविधानमा लेखिएका कुराले मात्र देश खुरूखुरू र लुरू लुरू चल्छ भन्ने छैन संविधानलाई व्यवहारमा लागू गर्ने राजनीतिक इच्छाशक्ति अन्य सबै राजनीतिक दलहरूले पनि देखाउनु जरूरी छ ।

नेपालको विदेश नीति बारे पनि देशमा व्यापक बहस चलाउनुपर्ने आवश्यकतालाई किमार्थ पनि बिर्सिन सकिँदैन । नेपालको चासोमा रहेका देशहरूमा मुख्यरूपमा युरोपेली राष्ट्रहरु भारत र चीन रहेकाले यी देशहरु सँग आफ्ना सम्बन्धहरूको विस्तार गर्न के कस्तो विदेश नीति चाहिन्छ भन्ने कुरामा पनि गहिरो अध्ययन गर्नु जरूरी छ ।

# सामाजिक सञ्जाल

## ‘म हट्नु भनेको लोकतन्त्र कमजोर हुनु हो।’

**केपी ओली, अध्यक्ष नेकपा एमाले**



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफु नेतृत्वबाट हट्दा देशको लोकतन्त्र कमजोर हुने जिकिर गरेका छन् । सचिवालयमा अल्पमतमा परिसक्दा समेत नेतृत्व नछाड्ने अडानमा रहेका ओलीले यस्तो जिकिर गरेका हुन् । उनले आफु निकटका सचिवालय सदस्यहरूलाई भनेका छन् । "म कुनै हालतमा छोड्दिनँ, म जुन विधि र प्रक्रियाबाट आएँ, विधिसम्मत मलाई कसैले हटाउन सक्दैन् । म हट्नु भनेको लोकतन्त्र कमजोर हुनु हो । पार्टी कमजोर हुनु हो, त्यही भएर तपाईहरूले साथ दिनुहोस् ।

## “खुट्टा भाँच्ने अभिव्यक्ति हिंसा होइन”

**ज्ञानेन्द्र शाही, राप्रपा नेता, सांसद**



राप्रपा सांसद ज्ञानेन्द्र शाही भन्छन, भौतिक पूर्वाधार मन्त्री सुनिल लम्सालज्यूले खुट्टा भाँच्ने अभिव्यक्ति दिएको भन्दै केहीले विरोध गरिरहेका छन् । तर मेरो बुझाइमा उक्त अभिव्यक्तिको आशय हिंसा प्रवर्द्धन गर्नु होइन, कानुन मिच्ने, लापरवाही गर्ने र जनताको काममा बेवास्ता गर्ने प्रवृत्ति विरूद्ध कडा सन्देश दिनु हो ।

## “प्रधानमन्त्रीको बोलीले मन दुखेको छ”

**बासना थापा, कांग्रेस प्रमुख सचेतक**



नेपाली कांग्रेसकी प्रमुख सचेतक बासना थापाले प्रधानमन्त्रीको बोलीले मन दुखेको बताएकी छन् । सामाजिक सञ्लालमा लेखेकी छन् – 'प्रधानमन्त्रीको बोलीले मन दुखेको छ' ।

गत जेठ १७ गते प्रधानमन्त्री वालेन्द्र शाहले सदनमा 'नेपालले पनि भारतको भूभाग मिचेको रहेछ' भन्ने अभिव्यक्ति दिएपछि सबैभन्दा पहिले बासनाले नै नियमापत्ति समेत गरेकी थिइन् । प्रधानमन्त्रीले माफी मागेर त्यो वाक्य सदनको रेकर्डबाट हटाउनुपर्ने माग उनैले राखिन् ।

तर अहिले पनि त्यो प्रधानमन्त्रीको त्यो विवादित अभिव्यक्ति संसद्को रेकर्डबाट हटेको छैन। प्रमुख प्रतिपक्षी नेपाली कांग्रेससहित विपक्षी दलले प्रधानमन्त्री सदनमा आएर जवाफ दिनुपर्ने र उक्त भनाइ रेकर्डबाट हटाउनुपर्ने माग राखिरहेका छन् । यतिमात्रै होइन, परराष्ट्रमन्त्री शिशिर खनालले बुधबार सदनमा उभिएर जवाफ पनि दिए । तर त्यो जवाफ आफूहरूका लागि स्वीकार्य नभएको भन्दै निरन्तर प्रतिनिधिसभा विरोध भइरहेको छ ।

प्रमुख सचेतक थापा नेपाली जनतासँग प्रधानमन्त्रीले माफी माग्नुपर्ने अडानमा कायमै छिन्। लोकप्रिय मत ल्याएर विजयी प्रधानमन्त्रीले जनतालाई निराश बनाउन नहुने उनको तर्क छ। अर्कातिर बहुमत ल्याएको पार्टीले पनि जनता, सार्वभौमसत्ता र राष्ट्रिय अखण्डतालाई गम्भीर रूपमा लिनुपर्ने थापाको भनाइ छ ।

नेपाली कांग्रेसबाट विजयी एक्ली महिला सांसद थापालाई पहिलो पटकमै पार्टीले ठूलो जिम्मेवारी दिएको छ । उनले गत फागुन २१ गतेको निर्वाचनमा दैलेख क्षेत्र नम्बर १ बाट जित निकालेकी हुन् ।

## गृहमन्त्रीलाई धन्यवाद

**खुस्बु ओली, सांसद**



सामाजिक सञ्जालमा संगठित रूपमा गालीगलौज, धम्की, चरित्रहत्या र घृणायुक्त अभिव्यक्ति बढेको भन्दै नेपाल प्रहरीको साइबर ब्युरोमा उजुरी दर्ता गरेको र दर्ता गरे लगत्तै एकजना पक्राउ परेका छन र कानुनी प्रक्रियाको सामना गर्दैछन । मेरो व्यक्तिगत मोबाइल फोन देखि लिएर, म्यासेन्जर सम्ममा बलात्कार, ज्यान मार्ने धम्की र भौतिक आक्रमणका अभिव्यक्तिसम्म आए।

मेरो विचार, धारणा वा राजनीतिक भूमिकालाई लिएर आम-नागरिकहरूले कठोर भन्दा कठोर आलोचना गर्न सक्नुहुन्छ। लोकतन्त्रमा असहमति स्वाभाविक हो। तर धम्की, घृणायुक्त अभिव्यक्ति, गालीगलौज, चरित्रहत्या, हिंसाको उक्साहट र सामाजिक सञ्जालमार्फत गरिने दुर्व्यवहार कुनै पनि हालतमा म स्वीकार गर्न सक्दिन।


टिकटक, युट्युब, फेसबुक लगायतका प्लेटफर्ममा मेरो बारेमा सामग्री अपलोड गर्ने, कमेन्ट गर्ने, शेयर गर्ने, घृणा फैलाउने सबैलाई म स्पष्ट रूपमा सचेत गराउन चाहन्छु: अझै पनि त्यस्ता सामग्रीहरू हटाउने समय तपाईहरूसँग छ। अन्यथा, आजदेखि नै कानूनी प्रक्रियाको सामना गर्न तयार रहनुहोस्। सामाजिक सञ्जालमा हुने दुर्व्यवहार, धम्की र घृणायुक्त अभिव्यक्ति प्रति मेरो शून्य सहनशीलता रहनेछ!

आज सामाजिक सञ्जालमा घृणायुक्त अभिव्यक्ति, गालीगलौज, धम्की र चरित्रहत्यालाई चुपचाप सहेर बस्न बाध्य भएका हजारौं नागरिक-महिला र पुरूष दुवै छन्। अभिव्यक्ति स्वतन्त्रताको नाममा घृणा, हिंसाको उक्साहट र दुर्व्यवहारलाई स्वीकार गर्न सकिँदैन। आज गरिएको एउटा कानूनी र जिम्मेवारपूर्ण कदम सानो देखिन सक्ला, तर यसले भोलिको समाजलाई केही बढी सभ्य, सुरक्षित र उत्तरदायी बनाउन योगदान पुर्‍याउन सक्दछ। सामाजिक सञ्जालमा फैलिरहेको घृणायुक्त अराजकता र घृणाको संस्कृतिप्रति शून्य सहनशीलताको सन्देश दिनु हामी सबैको सामाजिक र नैतिक जिम्मेवारी पनि हो।

यस संवेदनशील विषयप्रति गम्भीर चासो व्यक्त गर्दै आवश्यक पहल गर्नुभएकोमा माननीय गृहमन्त्रीज्यू तथा नेपाल प्रहरीको साइबर ब्युरोप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु।



अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

खड्ग बहादुर खड्काको कविता संग्रह
ज्वाला
विभिन्न पुस्तक पसलमा उपलब्ध छ। किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नहुन अनुरोध छ ।




सम्पर्क नम्बर : ९८४४६८०४९९





६ फिल्मको कुल कलेक्सन ३.५५ करोड मात्र

# जेठमा नेपाली फिल्म उद्योगको कमजोर प्रदर्शन

दमक / नेपाली फिल्म क्षेत्रका लागि जेठ महिना फेरि पनि कमजोर व्यवसायिक परिणामसहित समाप्त भएको छ । यस महिनामा प्रदर्शनमा आएका ६ फिल्मले कुल ३ करोड ५५ लाख ९६ हजार ५२० रूपैयाँ (ग्रस कलेक्सन) मात्र आम्दानी गर्न सकेका छन् । चलचित्र विकास बोर्डका अनुसार ती फिल्म हेर्न १ लाख २२ हजार ३८० दर्शक हल पुगेका थिए ।

जेठमा प्रदर्शन भएका 'एक मुट्ठी बादल', 'लाइफ ड्यामेज', 'काजी', 'मितज्यु', 'रोल नं १' र 'कुम्भ' मध्ये सबैभन्दा बढी कमाउने फिल्म 'रोल नं १' बनेको छ । विनोद पौडेलको निर्माण र जोन योञ्जनको निर्देशन रहेको उक्त फिल्मले १ करोड ३५ लाख १५ हजार ९९३ रूपैयाँ कलेक्सन गर्दै ४७ हजार १५१ दर्शक आकर्षित गरेको छ । शिक्षा, विद्यार्थी जीवन र सामाजिक यथार्थमा आधारित यो फिल्म अझै प्रदर्शनरत रहेकाले कलेक्सन बढ्ने अनुमान छ ।

दोस्रो स्थानमा रहेको 'मितज्यु'ले १ करोड ३२ लाख ५३ हजार ३४२ रूपैयाँ कलेक्सन गरेको छ । जनक घर्ती मगरको निर्माण र अनिल बुढामगरको निर्देशन रहेको यस फिल्ममा दयाहाङ राई, सौगात मल्ल र तेरिया फौज मगर मुख्य भूमिकामा छन् । ग्रामीण परिवेश र सम्बन्धको भावनात्मक कथामा आधारित यो फिल्मले ४६ हजार १५४ दर्शकलाई हलसम्म तानेको छ ।

त्यस्तै, विपिन कार्की र केकी अधिकारी अभिनीत 'काजी'ले ४४ लाख ४८ हजार ६० रूपैयाँ कलेक्सन गरेको छ भने सुरक्षा पन्त अभिनीत 'लाइफ ड्यामेज'ले ३४ लाख ६६ हजार २९० रूपैयाँ कमाएको छ । दाइजो प्रथा र सामाजिक विषय उठान गरेको 'एक मुट्ठी बादल'ले मात्र ५ लाख २१ हजार ८२५ रूपैयाँ कलेक्सन गर्न सफल भएको छ ।

सबैभन्दा कमजोर प्रदर्शन भने 'कुम्भ'ले गरेको छ । रणधीर श्रेष्ठको निर्देशनमा बनेको यो फिल्मले ३ लाख ९१ हजार १० रूपैयाँ मात्र आम्दानी गरेको छ । फिल्ममा अशोक आर्यन, सुनील थापा र सुशील पोखरेल लगायतको अभिनय रहेको छ ।

समग्रमा जेठ महिनाको बक्स अफिसले नेपाली फिल्म उद्योगमा दर्शक आकर्षण अझै चुनौतीपूर्ण रहेको देखाएको छ । केही फिल्मले अपेक्षाकृत राम्रो प्रदर्शन गरे पनि समग्र बजार कमजोर नै देखिएको छ ।

विश्वकप विशेष




# विश्वकप २०२६ मा लगातार बराबरी

## इरान-न्युजिल्यान्डदेखि स्पेन-केप भर्डेसम्म रोमाञ्चक खेल




एजेन्सी । फिफा विश्वकप २०२६ अन्तर्गत विभिन्न समूहका खेलहरूमा लगातार रोमाञ्चक बराबरी नतिजा आएको छ। समूह 'जी' मा इरान र न्युजिल्यान्डले २-२ गोलको बराबरी खेल्दै अंक बाँडेका छन् भने समूह 'एच' मा उरूग्वे र साउदी अरबले १-१ को बराबरी खेलेका छन्। त्यस्तै, बलियो मानिएको स्पेन र अफ्रिकी टोली केप भर्डेबीचको खेल पनि गोलरहित बराबरीमा टुंगिएको छ । अमेरिकाको क्यालिफोर्नियास्थित लस एन्जलस रङ्गशालामा भएको इरान-न्युजिल्यान्ड खेल निकै प्रतिस्पर्धात्मक रह्यो। न्युजिल्यान्डले दुई पटक अग्रता लिए पनि इरानले दुवै पटक बराबरी गर्दै उत्कृष्ट पुनरागमन गऱ्यो। खेलको अन्तिम मिनेटमा इरानले गोल गर्ने राम्रो अवसर गुमाएपछि जित निकाल्न सकेन।

उता, ˆलोरिडाको मियामी स्टेडियममा भएको उरूग्वे र साउदी अरबबीचको खेलमा पनि रोमाञ्चकता देखियो। साउदी अरबले पहिलो हाफमै अग्रता लिएको थियो भने उरूग्वेले दोस्रो हाफको ८०औँ मिनेटमा गोल गर्दै खेल बराबरीमा पुऱ्यायो। दुवै टोलीले अन्तिम समयमा अवसर पाए पनि निर्णायक गोल गर्न सकेनन्।

अर्को खेलमा एटलान्टामा भएको स्पेन र केप भर्डेबीचको प्रतिस्पर्धा भने रक्षात्मक रणनीतिमा केन्द्रित रहँदा गोलरहित बराबरीमा सकियो। पहिलो पटक विश्वकप खेलिरहेको केप भर्डेले बलियो स्पेनलाई बराबरीमा रोक्दै ठूलो सरप्राइज दिएको छ । यी नतिजासँगै समूह चरणका खेलहरु अझ प्रतिस्पर्धात्मक बनेका छन् र नकआउट चरणको यात्रा सबै टोलीका लागि चुनौतीपूर्ण देखिएको छ।

स्वास्थ्य

# स्वस्थ रहन के खाने, के नखाने ?



मानिसको स्वास्थ्य प्रत्यक्ष रूपमा खानपानसँग जोडिएको हुन्छ । आमाको गर्भमै हुँदा बच्चाले पोषण प्राप्त गर्न सुरू गर्छ र जन्मपछि जीवनभर खानाले नै शरीरलाई आवश्यक ऊर्जा र पोषक तत्व प्रदान गर्छ । तर, हामीले खाने खाना सन्तुलित छ कि छैन भन्ने विषयमा धेरैले ध्यान दिने गरेका छैनन् । यही कारण कतिपय मानिस कुपोषणको सिकार भइरहेका छन् भने अर्कोतर्फ असन्तुलित खानपानका कारण मोटोपना र विभिन्न दीर्घरोग बढिरहेका छन् ।

राष्ट्रिय ट्रमा सेन्टरकी आहार विशेषज्ञ योगिता सापकोटाका अनुसार स्वस्थ जीवनका लागि सन्तुलित आहार अपरिहार्य छ । सन्तुलित भोजन भन्नाले शरीरलाई आवश्यक सबै पोषक तत्व सही मात्रामा समावेश भएको खाना बुझिन्छ । भोजनमा कार्बोहाइड्रेट ५०-६० प्रतिशत, प्रोटिन १५-२० प्रतिशत र फ्याट २५-३० प्रतिशत हुनुपर्छ । कुनै पनि पोषक तत्व अत्यधिक वा न्यून हुनु स्वास्थ्यका लागि हानिकारक हुन सक्छ ।

गर्मी मौसममा शरीरको तापक्रम सन्तुलित राख्न र ऊर्जा कायम गर्न विशेष सावधानी आवश्यक हुन्छ । अत्यधिक पसिना र पिसाबका कारण शरीरबाट पानीसँगै सोडियम, पोटासियम र म्याग्नेसियमजस्ता खनिज तत्व बाहिरिने भएकाले डिहाइड्रेसनको जोखिम बढ्छ । त्यसैले गर्मीमा पर्याप्त मात्रामा पानी र झोलिलो पदार्थ सेवन गर्नुपर्ने विज्ञहरूको सुझाव छ । प्रतिकिलो तौलअनुसार दैनिक ३०-३५ मिलिलिटर झोलिलो पदार्थ सेवन गर्न उपयुक्त मानिन्छ ।

सापकोटाका अनुसार गर्मीमा चिसो महसुस हुन्छ भन्दै कोक, फ्यान्टा वा अत्यधिक चिनी भएका पेय पदार्थ सेवन गर्नु उचित होइन । यस्ता पेय पदार्थले शरीरलाई थप असर गर्न सक्छन् । यसको सट्टा सादा पानीमा कागती वा पुदिना मिसाएर पिउन सकिन्छ । कागती र पुदिनाले स्वाद बढाए पनि शरीरलाई शीतल बनाउने मुख्य काम भने पानीले नै गर्छ ।

गर्मी मौसममा फलफूल र सागसब्जीको सेवन बढाउन पनि सुझाव दिइएको छ । अधिकांश फलफूलमा ८० देखि ९० प्रतिशतसम्म पानी हुने भएकाले शरीरमा पानीको मात्रा कायम राख्न सहयोग पुग्छ ।

आँप, लिची जस्ता मौसमी फलले 'गर्मी बढाउँछ' भन्ने धारणा वैज्ञानिक रूपमा सही नभएको सापकोटाको भनाइ छ । बरू सिजनअनुसारका फलफूलमा पर्याप्त पोषक तत्व पाइने भएकाले नियमित सेवन लाभदायक हुन्छ ।

त्यस्तै, भिटामिन सी, डी, पोटासियम, म्याग्नेसियम र जिंकयुक्त खाना गर्मीमा विशेष आवश्यक हुन्छ । केरा, नट्स, एभोकाडो, ब्रोकाउली, कागती र सुन्तलाजस्ता खाद्य पदार्थले शरीरलाई आवश्यक पोषण दिन्छन् । साथै, अत्यधिक चिल्लो, पिरो, नुनिलो तथा लामो समय भण्डारण गरिएका खानेकुरा भने सकेसम्म कम खानुपर्ने विज्ञहरूको सुझाव छ । सन्तुलित आहार, पर्याप्त पानी र ताजा खानेकुराको सेवनले गर्मीयाममा स्वास्थ्यलाई सुरक्षित राख्न मद्दत गर्छ ।

साहित्य

## आमा



जी. शाह

आमा कसलाई भन्ने
आमा उहि हुन्छ
जसबाट ममताको झरना झर्छ
जसले मलाई सधैं छोपेको हुन्छ
तर आफैं सधैं घाम तापेकै हुन्छ
जो मेरो एउटा प्रार्थनामा आइ पुग्छ
हो आमा उहि हुन्छ
जसको थपथपमा आज पनि म निदाउँछु
जसको न्यानोपनले मन फेरि बच्चा भै जान्छु
भोख मलाई हुने तर तडपन उसलाई
पेट मेरो भर्ने तर तृप्त उसलाई
हो आमा उहि हुन्छ
जसको कुरामा मेरै कुरा हुन्छ
जसको पूरामा मेरै पूरा पुग्छ
मेरो चोटमा उसको हृदय दुख्ने
मेरो दुखमा उसको आँखा भिज्ने
हो आमा उहि हुन्छ
ऐनामा हैन मलाई त्यसै चिन्ने
संस्कारमा बेरेर मलाई त्यसै बन्ने
रिसाए पनि कुनामा गएर रुने
मलाई नसुताए कहाँ उहि सुत्ने
हो आमा उहि हुन्छ
बाटो बिघारे उहि सम्हाल्ने
कहिले गुरू जहिले अँगाल्ने
मेरो हार वा जीत नहेर्ने
जसले मेरो प्रयासलाई उत्साह बढाउने
हो आमा उहि हुन्छ

धर्मसंस्कृति

# पुरूषोत्तम महिना वा मलमासले दिएको सन्देश ?

दमक । हिन्दू धर्म संस्कृतिमा पुरूषोत्तम महिना (जसलाई हामी सामान्य बोलीचालीमा मलमास वा अधिकमास पनि भन्छौँ) को निकै ठूलो आध्यात्मिक र व्यावहारिक महत्व छ ।

सूर्यको गति (सौरमास): सूर्यले १२ वटा राशि पार गर्ने समय, जुन लगभग ३६५ दिनको हुन्छ । चन्द्रमाको गति (चन्द्रमास): चन्द्रमाको तिथिमा आधारित समय, जुन लगभग ३५४ दिनको हुन्छ ।

यसरी हेर्दा सूर्यको वर्ष र चन्द्रमाको वर्षबिच लगभग ११ दिनको अन्तर हुन्छ । यो अन्तर बढ्दै गएर ३ वर्षमा झन्डै १ महिना (३३ दिन) पुग्छ । यही समयलाई सन्तुलनमा ल्याउन र चाडपर्वहरूलाई सही ऋतुमा राखिरहनका लागि हरेक ३२ महिना १६ दिन वा झन्डै ३ वर्षमा एउटा अतिरिक्त महिना थपिन्छ । शास्त्रानुसार यही थपिएको महिना नै अधिकमास वा मलमास हो ।

**◆ पुरूषोत्तम महिना नाम कसरी रहन गयो ?**

पौराणिक कथाअनुसार, यो महिना थपिएको (मल) महिना भएकाले यसको कुनै स्वामी (देवता) थिएनन् । सूर्य संक्रान्ति नहुने भएकाले यसलाई मलिन अर्थात् अशुद्ध महिना मानेर मानिसहरूले शुभ कार्य गर्दैनथे । यसबाट दु:खी भई यो महिना भगवान् विष्णुको शरणमा गयो । भगवान् विष्णुले यसलाई आफ्नो नाम पुरूषोत्तम प्रदान गर्नुभयो र भन्नुभयो- 'अबदेखि यो महिनाको स्वामी म स्वयम् हुनेछु र यो महिना अन्य महिनाभन्दा श्रेष्ठ हुनेछ ।' त्यसैले यसलाई पुरूषोत्तम महिना भनिएको हो ।

**◆ यसको महत्व के छ ?**

भौतिक वा सांसारिक काम र आध्यात्मिक कामका लागि यसको बेग्लाबेग्लै महत्व छ ।

धार्मिक र आध्यात्मिक महत्वः यो महिना भगवान् पुरूषोत्तम (विष्णु) को आराधनाका लागि सर्वोत्तम मानिन्छ । यस महिनामा गरिने पूजा, जप, तप, दान र श्रीमद्भागवत कथा श्रवणको फल अन्य महिनाको तुलनामा कयौं गुणा बढी हुने जनविश्वास छ ।

**◆ व्रत र दानको विशेष फलः**

यस महिनामा दीपदान (बत्ती बाल्ने), वस्त्र दान, र विशेष गरी मालपुवा (अपूप) दान गर्ने परम्परा छ ।

**◆ वर्जित कार्यहरुः**

यस महिनामा विवाह, व्रतबन्ध, गृहप्रवेश, नयाँ भवन निर्माण जस्ता सकाम वा मांगलिक कार्यहरु गरिँदैन । तर, दैनिक गरिने नित्य कर्म, भगवानको पूजा र निष्काम (फलको आशा नराखी गरिने) कर्मका लागि यो समय निकै उत्तम हुन्छ ।

**◆ यसबाट हामीले लिने शिक्षा के हो ?**

पुरूषोत्तम महिना केवल धार्मिक विधिमा मात्र सीमित छैन, यसले हाम्रो जीवनका लागि निकै सुन्दर शिक्षाहरु दिन्छ :

सन्तुलन र व्यवस्थापनको शिक्षाः जसरी सूर्य र चन्द्रमाको गति मिलाउन अधिकमासको व्यवस्था गरिएको छ, त्यसरी नै हामीले पनि आˆनो जीवनमा समय, धन र सम्बन्धको सन्तुलन मिलाउन सिक्नुपर्छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

दैनिक राशिफल

आज मिति
२०८३ साल
असार ०३ गते
बुधबार
17 June, 2026
तिथि: तृतिया



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | परिश्रम बढी गर्नु पर्ने । अध्ययन क्षेत्रमा सुधार । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मित्रहरुबाट सहयोग । आर्थिक पक्ष सबल । |
| मिथुन | का कि कु घ ङ छ के को हा | गरेका कामहरुमा सफता । पठन-पाठनमा भने मध्यम । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | रोजगारीको अवसर । बोलीको प्रभावबाट काम बन्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आफन्तको सहयोग । धन लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अनावश्यक खर्च । शत्रुको भय । |
| तुला | रा री रु रे रो ता ती तु ते | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| धनु | य यो भा भी भ धा फा ढ भे | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति । मित्रबाट सहयोग । |

# चीन भ्रमणमा खनालद्वारा लिपुलेक-कालापानी मुद्दा उठाइयो



दमक । चीन भ्रमणमा रहेका परराष्ट्रमन्त्री शिशिर खनालले चिनियाँ विदेशमन्त्री वाङ यीसँगको भेटमा लिपुलेक, कालापानी र लिम्पियाधुरा सम्बन्धी विषय उठाएका छन् । नेपालले दाबी गर्दै आएको भूभागबारे भारत र चीनबीच भएका सहमति तथा गतिविधिप्रति नेपालको चासो रहेको उनले स्पष्ट पारेका हुन् ।

भेटवार्ताका क्रममा खनालले कैलाश मानसरोवर यात्राका लागि लिपुलेक मार्ग प्रयोग गर्ने विषयमा भारत र चीनबीच भएको समझदारीबारे जानकारी माग्दै नेपालले यस सम्बन्धमा दुवै देशलाई कूटनीतिक नोट पठाइसकेको स्मरण गराएका थिए । जवाफमा चिनियाँ पक्षले उक्त विषय नेपाल-भारतबीचको सीमा सम्बन्धी मुद्दा भएकाले संवादमार्फत समाधान हुनुपर्ने धारणा राखेको बताइएको छ ।

स्रोतका अनुसार खनालले त्यसपछि पनि भारत र चीनबीच लिपुलेकसँग सम्बन्धित सहमतिबारे थप जिज्ञासा राखेका थिए । चीनले भने आफ्नो अडान दोहोर्‍याउँदै सम्बन्धित पक्षबीच वार्ता र सहकार्यबाट समाधान खोजिनुपर्ने बताएको थियो ।

यसअघि भारत भ्रमणमा रहँदा खनालले भारतीय विदेशमन्त्री एस. जयशंकरसँग भेटवार्ता गरे पनि सीमा विवादका विषय सार्वजनिक रूपमा उठेका थिएनन् । चीन भ्रमणमा भने उनले उक्त मुद्दालाई प्राथमिकताका साथ प्रस्तुत गरेको जनाइएको छ ।

दुई देशका विदेशमन्त्रीबीच पोखरा अन्तर्राष्ट्रिय विमानस्थलसम्बन्धी अनियमितताको विषयमा पनि छलफल भएको स्रोतले जनाएको छ । चिनियाँ पक्षले छानबिन प्रक्रियाबारे चासो व्यक्त गरेपछि खनालले नेपालमा कानुनी तथा संस्थागत अनुसन्धान जारी रहेको र दोषीमाथि कारबाही हुने बताएका थिए ।

भेटवार्तामा नेपाल-चीन सम्बन्ध, पूर्वाधार विकास, कनेक्टिभिटी, सूचना प्रविधि, ऊर्जा तथा ग्यास अन्वेषणलगायत विषयमा समेत विचार आदानप्रदान भएको थियो । चीनले नेपाललाई आवश्यक रासायनिक मल उपलब्ध गराउन सकिने संकेत दिएको स्रोतको दाबी छ ।

चिनियाँ पक्षले नेपालमा बढ्दो अमेरिकी सक्रियताप्रति समेत चासो व्यक्त गरेको बताइएको छ । जवाफमा खनालले नेपाल असंलग्न परराष्ट्र नीतिप्रति प्रतिबद्ध रहेको, एक चीन नीतिमा दृढ रहेको तथा चीनविरूद्ध नेपालको भूमि प्रयोग हुन नदिने अडान दोहोर्‍याएका थिए ।

**पार्टी....**युवाको सहभागिता बढाउने अपेक्षा गरिएको छ । साथै केन्द्रमा कुल सदस्य सत्याको एक तिहाइ नबढ्ने गरी राष्ट्रियस्तरका विज्ञ र अग्रज व्यक्तित्वहरूलाई समेटेर केन्द्रीय सल्लाहकार परिषद् गठन गर्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ ।

विधान संशोधनको अर्को महत्वपूर्ण पक्ष भनेको पार्टीभित्र नातावाद र परिवारवादमाथिको कडा नियन्त्रण हो । प्रस्तावित व्यवस्थाअनुसार नेताका श्रीमती, श्रीमान्, छोराछोरी वा निकट नातेदारलाई राजनीतिक प्रभावका आधारमा पार्टी संरचनामा अवसर दिने अभ्यासलाई निरूत्साहित गरिनेछ । त्यस्तै स्वार्थको द्वन्द्व भएका व्यापारी वा औद्योगिक समूहबाट चन्दा लिन नपाइने व्यवस्था राखेर आर्थिक पारदर्शितामा जोड दिइएको छ ।

रास्वपाले उम्मेदवार छनोट प्रक्रियामा पनि नयाँ अभ्यास प्रस्ताव गरेको छ । संघ, प्रदेश र स्थानीय तहका निर्वाचनमा उम्मेदवार चयन गर्दा पार्टीका साधारण सदस्यहरूबीच प्रतिस्पर्धात्मक प्राइमरी इलेक्सन गराएर मात्र टिकट वितरण गर्ने व्यवस्था प्रस्ताव गरिएको छ । यसले नेतृत्वको एकल निर्णयभन्दा सदस्यहरूको मतलाई प्राथमिकता दिने उद्देश्य राखेको छ ।

त्यसैगरी पार्टीका पदाधिकारी वा निर्वाचित सांसदले अपेक्षाअनुसार काम नगरेमा वा विवादमा परेमा उनीहरूलाई बीचमै पदबाट हटाउन सकिने 'राइट टु रिकल' को व्यवस्था पनि प्रस्तावित विधानको महत्वपूर्ण आकर्षण बनेको छ । साथै समानुपातिक प्रणालीबाट एक व्यक्ति एकपटक मात्र सांसद बन्न पाउने नियमले सीमित व्यक्तिहरूले बारम्बार अवसर लिने प्रवृत्ति रोक्ने दाबी गरिएको छ ।

रास्वपाले आफ्नो वैचारिक दिशा पनि यसपटक स्पष्ट रूपमा परिभाषित गरेको छ । प्रस्तावित विधानमा पूर्ण लोकतान्त्रिक गणतन्त्र, विधिको शासन, सामाजिक न्याय, उदार अर्थतन्त्र, संवैधानिक समाजवाद, समन्यायिक समावेशिता, योग्यता, सुशासन तथा सनातन सभ्यता र सांस्कृतिक सहअस्तित्वलाई पार्टीको मार्गदर्शक सिद्धान्तका रूपमा उल्लेख गरिएको छ ।

यदि महाधिवेशनले यी प्रस्तावहरु अनुमोदन गर्‍यो र व्यवहारमा प्रभावकारी रूपमा कार्यान्वयन गरियो भने रास्वपा नेपालमा प्राइमरी इलेक्सन र राइट टु रिकल जस्ता अवधारणालाई संस्थागत गर्ने पहिलो राजनीतिक दल बन्न सक्छ । तर विधानमा उल्लेख गरिएका कडा प्रावधानहरु व्यवहारमा कत्तिको पालना हुन्छन् भन्ने प्रश्नको जवाफ भने आगामी दिनको राजनीतिक अभ्यासले दिनेछ ।

**वागमती...** प्रणाली हटाउँदै उत्पादनमा आधारित नगद प्रोत्साहन किसानको खातामा सिधै पठाउने नीति र 'मधेश कृषि एक्सचेन्ज' स्थापना गर्ने घोषणा गरिएको छ ।

कोशी प्रदेशले ४० अर्ब ४४ करोड ९० लाख रूपैयाँको बजेट सार्वजनिक गरेको छ, जुन अघिल्लो वर्षको तुलनामा १२.७४ प्रतिशतले बढी हो । बजेटमा पुँजीगत खर्चमा वृद्धि गर्दै पूर्वाधार विकास मन्त्रालयलाई १२ अर्ब ३८ करोड र खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयलाई ६ अर्ब २८ करोड विनियोजन गरिएको छ । सुदूरपश्चिम प्रदेशले ३७ अर्ब ७० करोड रूपैयाँको बजेट ल्याएको छ । सदनमा विवादका बीच प्रस्तुत गरिएको बजेटमा चालु-पुँजीगत विवरण स्पष्ट नखुलाइए पनि आन्तरिक राजस्वबाट १ अर्ब ७२ करोड र संघीय राजस्व बाँडफाँटबाट १० अर्ब २४ करोड रूपैयाँ संकलन हुने अनुमान गरिएको छ ।

लुम्बिनी प्रदेशले ३७ अर्ब ३८ करोड रूपैयाँको बजेट ल्याएको छ । यसमा शिक्षा र सामाजिक विकास क्षेत्रलाई प्राथमिकतामा राखिएको छ । देउखुरीमा राजधानी व्यवस्थापन, एआई तथा रोबोटिक्सका लागि नवप्रवर्तन केन्द्र स्थापना, र प्रादेशिक अस्पताल स्तरोन्नति जस्ता योजना समेटिएका छन् ।

कर्णाली प्रदेशले ३५ अर्ब ३९ करोड रूपैयाँको बजेट प्रस्तुत गरेको छ, जसको मुख्य केन्द्र स्वास्थ्य क्षेत्र रहेको छ । महिला स्वास्थ्य स्वयंसेविकाको भत्ता वृद्धि, दीर्घरोगी सहायता, निःशुल्क रगत सेवा, सुत्केरी पोषण कार्यक्रम र कर्णालीलाई आरोग्य पर्यटन हबका रूपमा विकास गर्ने योजना बजेटमा समावेश छन् ।

गण्डकी प्रदेशले ३२ अर्ब ९९ करोड ९९ लाख रूपैयाँको सबैभन्दा सानो बजेट ल्याएको छ । यसमा भौतिक पूर्वाधारमा ११ अर्ब ९६ करोड विनियोजन गरिएको छ । 'रिटर्न टु भिलेज' अभियान, पोखरामा सूचना प्रविधि पार्क निर्माण र 'इन्भेष्ट गण्डकी' कार्यक्रममार्फत लगानी आकर्षित गर्ने योजना अघि सारिएको छ ।

**रवि...**मुद्दा भने यथावत् रहेको छ। हालसम्म तीन जिल्ला अदालतले संगठित अपराध तथा सम्पत्ति शुद्धीकरणका अभियोग हटाइसकेपछि सहकारी प्रकरणमा लामिछानेविरूद्धको कानुनी लडाइँ मुख्यतः ठगी मुद्दामै केन्द्रित हुने देखिएको छ ।

**लागुऔषध...**सुनसरीमा कोशी प्रदेश प्रहरीको पीआइटी टोली तथा इलाका प्रहरी कार्यालय धरान, इटहरी र चतराले बराहक्षेत्र -१ का योगेश न्यौपानेलाई स्पास्मो २९० चक्की र कोरेक्स एक बोतलसहित पक्राउ गरेको छ ।

धरान-२० का विक्रम उदासलाई २ ग्राम २१० मिलिग्राम ब्राउन सुगरसहित नियन्त्रणमा लिइएको छ । त्यस्तै इटहरी क्षेत्रबाट मोहन परियार, सुमन पासवान, दीपेश राना मगर तथा सक्षम केसीलाई २०० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय सुनसरीले धरान -१७ का प्रकाश राईलाई ६४ किलोग्राम गाँजासहित पक्राउ गरेको छ । धरान रेल्वे क्षेत्रबाट बेवारिसे अवस्थामा ३२ किलोग्राम गाँजा बरामद गरेको छ । सप्तरीको कञ्चनरूप -९ का शिवनारायण महत्तोलाई नाइट्रोजन -१२ चक्की र प्रदीप यादवलाई १ ग्राम ६० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

यसैगरी, कोशी प्रदेश प्रहरीको पीआइटी टोली र इलाका प्रहरी कार्यालय रानीले कटहरी -३ का कमल रामलाई ५९० मिलिग्राम, दुहबी-८ का सन्दीप कार्कीलाई ४६० मिलिग्राम तथा पथरीशनिश्चरे-८ का शंकर माझीलाई ७२० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको छ ।

प्रहरी चौकी कर्सियाले धनपालथान -४ का गोपाल सहनीलाई ८०० मिलिग्राम ब्राउन सुगरसहित नियन्त्रणमा लिएको छ । प्रवक्ता थापाले पक्राउ परेकाविरूद्ध लागूऔषधसम्बन्धी कसुरमा आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको जानकारी दिए ।

**मनसुन....**प्रदेशका साथै हिमाली र पहाडी क्षेत्रमा मेघगर्जनसहितको मध्यम वर्षा भइरहेको छ ।

'हाल प्रशान्त महासागरमा एलनिनो विकसित भइसकेको र अझै बलियो हुने क्रममा रहेको छ । जसले गर्दा नेपालको मनसुन आगमनमा समेत प्रभाव पर्ने र दक्षिण एसियालगायत नेपालको मनसुन कमजोर हुनसक्ने सम्भावना देखिएको छ', उनले भनिन् ।

विगतमा सन् १९७२, १९८२, १९८३, १९८७, १९९२, १९९७, सन् २००२, २००९ २०१६, २०१९ र २०२३ मा पनि मनसुन ढिला प्रवेश भएको थियो ।

**५ हजार....**साथ पालना गर्न पनि निर्देशन दिएको छ । साथै, बिना अनुमति वा मापदण्ड पूरा नगरी औषधि व्यवसाय सञ्चालन नगर्न चेतावनीसमेत दिएको छ । यो कदमले औषधि कारोबारलाई व्यवस्थित बनाउने र जनस्वास्थ्य सुरक्षा मजबुत पार्ने अपेक्षा गरिएको छ ।

**सात....**गुरूङ, कारागार सुरक्षा गार्ड दमनसिंह राई, हवल्दार राजकुमार श्रेष्ठ, जवान पवनकुमार महतो, सुरक्षा गार्ड नुसन राईलाई जन्मकैद फैसला भएको छ ।

त्यसैगरी चौकीदार राम कार्की, बडानाइके अनिष शर्मा कट्टेल, सचिन राई, सहनाइके सुमन सारूमगर, टीकाराम चौहान, नवीनकुमार राई तथा कैदीहरु मीनबहादुर तामाङ र इन्द्रध्वज घिमिरेलाई समेत जन्मकैद सजायको फैसला भएको अदालतका श्रेस्तादार न्यौपानेले जानकारी दिए ।

कैदीको कुटपिटपछि हत्या अभियोगमा जिल्ला कारागारका इञ्चार्ज असईसहित सात जना प्रहरी र आठ जना कैदीबन्दीलाई नियन्त्रणमा लिएर अनुसन्धान थालिएको थियो । तत्कालीन जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको इजलासले सात प्रहरीलाई धनकुटा र आठ कैदीलाई तेह्रथुम पठाउन आदेश भएको थियो ।

## अन्तर्राष्ट्रिय

### बंगलादेशमा दादुराबाट ६०० भन्दा बढी बालबालिकाको मृत्यु

एजेन्सी/ बंगलादेशमा दादुरा र यससँग मिल्दोजुल्दो लक्षण भएका रोगका कारण बालबालिकाको मृत्यु हुने क्रम तीव्र रूपमा बढ्दै गएको छ। गत मार्च महिनाको मध्यदेखि सुरू भएको यो प्रकोपका कारण हालसम्म ६०० भन्दा बढी बालबालिकाले ज्यान गुमाइसकेका छन् ।

यस अवधिमा ८३ हजारभन्दा बढी मानिस संक्रमित भएका छन् भने अस्पतालहरु बिरामीले भरिभराउ भएका छन् । आधुनिक चिकित्साले दशकौँअघि नियन्त्रण गरिसकेको रोगका कारण दैनिक रूपमा बालबालिकाको मृत्यु भइरहँदा पनि सरकारले यसलाई रोक्न ठोस कदम चाल्न सकेको छैन ।

यस स्वास्थ्य संकटलाई प्राकृतिक प्रकोप नभई शासकीय कमजोरी र व्यवस्थापकीय असफलताको परिणाम मानिएको छ । यो संकटको सुरूवात बंगलादेशको अघिल्लो मोहम्मद युनुस नेतृत्वको अन्तरिम सरकारको पालामा भएको थियो । सन् २०२५ को सेप्टेम्बरमा युनिसेफले पटक-पटक चेतावनी दिँदादिँदै पनि अन्तरिम सरकारका अधिकारीहरूले स्थापित खोप खरिद प्रणालीलाई परिवर्तन गरेर खुला टेन्डर प्रक्रिया अपनाएका थिए ।

यसले गर्दा खोपहरु गोदाममै थन्किए भने आपूर्ति प्रणाली नै ठप्प भयो । नियमित खोप अभियान सञ्चालन हुन नसक्दा र दादुराको गम्भीरता कम गर्न आवश्यक पर्ने भिटामिन 'ए' को वितरणमा बेवास्ता गरिँदा पाँच वर्षमुनिका लाखौँ बालबालिकाहरु जोखिममा परे ।

# शिक्षक सरुवाबारे महाशाखाको निर्देशन

दमक । शिक्षा तथा मानव स्रोत विकास केन्द्रअन्तर्गतको शिक्षक व्यवस्थापन समन्वय महाशाखाले स्थायी पदपूर्तिका लागि शिक्षक सेवा आयोगमा पठाइएका दरबन्दीमा सरूवा गरेर पदपूर्ति नगर्न स्थानीय तहहरूलाई निर्देशन दिएको छ ।

महाशाखाले देशभरका स्थानीय तहलाई पत्र पठाउँदै जिल्लान्तर वा अन्तर-स्थानीय तह सरूवा गरी ती दरबन्दीहरु नभरिन आग्रह गरेको हो । निर्देशनमा स्पष्ट रूपमा स्थायी पदपूर्तिका लागि छुट्याइएका पदहरु सरूवाबाट नभरिने व्यवस्था मिलाउन भनिएको छ ।

तर, खुद पुल दरबन्दी रहेका स्थानीय तहहरूमा भने खाली रहेका यस्ता पदमा शिक्षक सरूवा गर्न सकिने व्यवस्था गरिएको छ । महाशाखाले केवल खुद पुल दरबन्दीका रिक्त पदमा मात्र सरूवा प्रक्रिया अघि बढाउन भनेको छ ।

# संवेदनशील क्षेत्रमा विदेशी नागरिकलाई बन्देज

दमक / नेपाल सरकारले संवेदनशील र नियन्त्रित क्षेत्रमा विदेशी नागरिकको आवागमनलाई कडाइका साथ नियमन गर्ने गरी नयाँ कानुन संशोधनको तयारी गरेको छ । प्रस्तावअनुसार अब यस्ता क्षेत्रमा जान विदेशीले पूर्व अनुमति लिनु अनिवार्य हुनेछ ।

गृह मन्त्रालयअन्तर्गतको : ष्लष्कतचथ या ज्फभ बाबष्चक ले तयार पारेको अध्यागमन ऐन संशोधन मस्यौदामा कुनै पनि भौगोलिक, सांस्कृतिक, सामाजिक वा जैविक रूपमा संवेदनशील क्षेत्रलाई सरकारले "नियन्त्रित क्षेत्र" तोक्न सक्ने व्यवस्था राखिएको छ । यस्तो निर्णय नेपाल राजपत्रमा प्रकाशित हुनेछ ।

प्रस्तावित व्यवस्था अनुसार त्यस्ता क्षेत्रमा प्रवेश गर्न विदेशी नागरिकले अध्यागमन विभागबाट अनुमति लिनुपर्नेछ र यो प्रक्रिया मान्यता प्राप्त एजेन्सीमार्फत मात्र गर्न पाइनेछ ।

तर कूटनीतिक भिसा भएका व्यक्ति, गैरआवासीय नेपाली परिचयपत्र प्राप्त व्यक्ति, नेपाल सरकारसँगको सम्झौताअनुसार अनुसन्धान वा परियोजनामा संलग्न व्यक्ति तथा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका व्यक्तिहरूलाई केही छुट दिइने व्यवस्था पनि प्रस्तावमा छ ।

# रामधुनी नपाको निर्मम कदम

इटहरी । रामधुनी नगरपालिकाले बेरूजु रकम फर्स्यौट नगर्ने कर्मचारी, जनप्रतिनिधि तथा सम्बन्धित व्यक्तिविरूद्ध कडा कदम चाल्ने भएको छ । नगरपालिकाले जारी गरेको परिपत्रमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार बेरूजु नतिर्नेहरूको तलब-भत्ता रोक्नेदेखि सम्पत्तिबाट समेत रकम असुल गर्ने प्रक्रिया अघि बढाइने उल्लेख गरिएको छ ।

नगरपालिकाका अनुसार नियमित प्रक्रियाबाट फर्स्यौट हुन नसकेको बेरूजुलाई 'सरकारी बाँकी' मानी जिम्मेवार व्यक्तिबाट असुल गरिनेछ । ऐनको दफा ४९ अनुसार सरकारी रकम वा जिन्सी हिनामिना गर्ने तथा सम्झौताअनुसारको रकम नबुझाउने व्यक्तिको नाम कुमारी चोक तथा केन्द्रीय तहशिल कार्यालयमा लगत कायम गरी असुली प्रक्रिया अघि बढाइनेछ ।

# महिलामाथि कालोमोसो दल्ने पाँच जनाविरुद्ध मुद्दा

विर्तामोड / झापाको बिर्तामोड-२ चारपानेमा एक महिलामाथि सार्वजनिक रूपमा कालोमोसो दलिएको घटनामा संलग्न पाँच जनाविरूद्ध प्रहरीले भेदभाव तथा अन्य अपमानजन्य व्यवहारसम्बन्धी कसूरअन्तर्गत मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाएको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी डीएसपी रञ्जन अवालेका अनुसार पक्राउ परेका पाँचै जनालाई जिल्ला अदालत झापामा उपस्थित गराई सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको छ ।

प्रारम्भिक अनुसन्धानबाट घटना आकस्मिक नभई पूर्वयोजनाअनुसार गरिएको देखिएको प्रहरीले जनाएको छ । पीडित पक्षले सुरूमा इलाका प्रहरी कार्यालय अनारमनीमा अभद्र व्यवहारसम्बन्धी जाहेरी दिएको थियो । तर घटनाको प्रकृति, पीडितलाई सार्वजनिक रूपमा अपमानित गर्ने उद्देश्य तथा योजनाबद्ध ढङ्गले गरिएको व्यवहारलाई आधार मान्दै प्रहरीले थप गम्भीर प्रकृतिको कसूरअन्तर्गत मुद्दा अघि बढाएको हो ।

घटनामा संलग्न रहेको आरोपमा कन्काई नगरपालिका-८ का १८ वर्षीय समिर मुर्मु, २० वर्षीया सबिना मुर्मु, २५ वर्षीया स्वस्तिका मुर्मु, १९ वर्षीया पूजा बस्नेत तथा बिर्तामोड-२ की ४४ वर्षीया मञ्जु हस्दालाई प्रहरीले पक्राउ गरेको छ । आरोपितहरु पीडितमाथि आक्रमण गर्ने उद्देश्यसहित घटनास्थल पुगेको प्रहरीको भनाइ छ ।

# नेपाल-भारत सीमाबाट बंगलादेशी नागरिक पक्राउ

झापा/ नेपाल-भारत सीमाक्षेत्रमा दुई दिनको अन्तरालमा फेरि एक बङ्गलादेशी नागरिक पक्राउ परेका छन् । भारतको सशस्त्र सीमा बल (एसएसबी)ले नेपालबाट भारततर्फ अवैध रूपमा प्रवेश गर्न खोजिरहेका बङ्गलादेशी नागरिकलाई नियन्त्रणमा लिएको जनाएको छ । एसएसबीको ४१औं बटालियनअन्तर्गत बोर्डर इन्टेलिजेन्स टिम (बिआइटी) ले पानीट्यांकीस्थित पुरानो मेची पुलमा नियमित जाँचका क्रममा बङ्गलादेशको मदारीपुर जिल्लाको उमेदपुर गाउँ निवासी ३८ वर्षीय नन्दन दासलाई पक्राउ गरेको हो । एसएसबीका अनुसार दासको साथबाट बङ्गलादेशी राहदानी, बङ्गलादेशबाट नेपाल आउँदाको हवाई टिकट, दुई वटा बङ्गलादेशी र एउटा नेपाली सिमकार्ड रहेको मोबाइल फोन तथा भारतीय मुद्रा दुई हजार ५८० रूपैयाँ बरामद गरिएको छ ।


मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।

Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

योग स्वस्थ जीवनको आधार
- तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं,
- योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

लाईफ लाईन अस्पताल प्रा.लि.
दमक-५, झापाको
सुपर स्पेशियालिटी ओपीडी सेवाहरू
प्रत्येक शनिबार
१. डा. रामसागर शाह : बरिष्ठ युरोलोजिष्ट
२. डा. खुशबु प्रिया मिश्र : बरिष्ठ ग्यास्ट्रोईन्टरोलोजी
३. डा. सन्तोष सुवेदी : बरिष्ठ नफ्रोलोजिष्ट
४. डा. सम्पन्न बुढाथोकी : बरिष्ठ कार्डियोलोजिष्ट
सम्पर्क : ९८०१४१४२८६, ९८०१४१४२८३
समय : बिहान १० बजेदेखि २ बजेसम्म ।


प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, प्रबन्धक: सुवासचन्द्र भट्टराई, कार्यकारी सम्पादक: खगेन्द्र कार्की, ले-आउट: सुरेन बस्नेत, सल्लाहकार : पंकज दाहाल
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com